राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३४२ २०८३ असार २८ गते आईतवार (12 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## ट्रान्सफर्मर चोरी, ७ सय धारामा पानी आपूर्ति बन्द



दैनिक समाचारदाता
जनकपुरधाम,२७ असार । धनुषाको मिथिला नगरपालिका-२, नकटाझिजस्थित खानेपानी आयोजनाको विद्युतीय ट्रान्सफर्मर शुक्रबार राति चोरी भएको छ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष सूर्यनारायण महतोका अनुसार आयोजनामा जडान गरिएको ५० केभीए क्षमताको ट्रान्सफर्मर पोलबाट झारेर त्यसभित्र रहेका तामाको तार र तेल चोरी गरिएको हो। ट्रान्सफर्मरको बाँकी भाग भने घटनास्थलमै फेला परेको उनले बताए।

ट्रान्सफर्मर चोरी भएपछि आयोजनाअन्तर्गतका करिब ७ सय धारामा खानेपानी आपूर्ति बन्द भएको अध्यक्ष महतोले जानकारी दिए।

घटनाबारे स्थानीय प्रहरीलाई जानकारी गराइएको र चोरीमा संलग्नको खोजी भइरहेको उनले बताए।

## आत्मदाह प्रयास गरेका आश्विन राउतको मृत्यु



दैनिक समाचारदाता
काठमाडौं, २७ असार । काठमाडौंको बुद्धनगरमा शनिबार बिहान आत्मदाह प्रयास गरेका ४५ वर्षीय आश्विन राउतको उपचारका क्रममा निधन भएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईका अनुसार आफ्नै घरको भान्साकोठामा आत्मदाह प्रयास गरेका राउतलाई प्रहरीले तत्काल उद्धार गरी वीर अस्पताल पुऱ्याएको थियो। उनलाई सघन उपचार कक्ष (आईसीयू) मा राखेर उपचार गरिए पनि केहीबेरअघि निधन भएको उनले जानकारी दिए।

प्रहरीका अनुसार राउतको शरीरको ५० प्रतिशतभन्दा बढी भाग जलेको थियो। राउत श्रीमती र छोरासहित बुद्धनगरमा बस्दै आएका थिए। उनले आत्मदाहको प्रयास किन गरे भन्ने कारण भने हालसम्म खुल्न सकेको छैन।

# धनुषाकी उपमेयर सवार गाडी र एम्बुलेन्स ठोक्किँदा ८ जना घाइते

दैनिक समाचारदाता
जनकपुरधाम, २७ असार । धनुषाको मिथिला नगरपालिका-९ बडहरीस्थित पूर्व-पश्चिम लोकमार्गमा धनुषाधाम नगर पालिकाकी उपमेयर विद्दा भुजेल सवार सरकारी गाडी र एम्बुलेन्स एकापसमा ठोक्किँदा आठ जना घाइते भएका छन्।




प्रहरीका अनुसार शनिबार बिहान करिब ६:२० बजे बडहरी बाट विराटनगरतर्फ बिरामी लिएर जाँदै गरेको ना.२ च २३२ नम्बरको एम्बुलेन्स र ढल्केबर बाट बर्दिबासतर्फ जाँदै गरेको प्रदेश २-०२-००१ झ ००८२ नम्बरको सरकारी गाडी ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा एम्बुलेन्स चालकसहित एम्बुलेन्समा सवार पाँच जना तथा सरकारी गाडीमा सवार तीन जना गरी आठ जना घाइते भएका छन्। उनीहरू सबैलाई उपचारका लागि जानकी मेडिकल कलेज, र मदैयामा पठाइएको प्रहरीले जनाएको छ।

सरकारी गाडीमा चालक बद्री भुजेल, धनुषाधाम नगर पालिकाकी उपमेयर विद्दा भुजेल र भीमराज भुजेल सवार थिए। तीनै जनाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

एम्बुलेन्स चालक दिपेन्द्रकुमार महतो, बसन्तकुमार सिंह, रेणु कुमारी महतो, राजुदेवी र लक्ष्मी महतो पनि दुर्घटनामा घाइते भएका छन्। उनीहरूमध्ये अधिकांशको अवस्था सामान्य रहेको छ भने रेणु कुमारी महतोको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

प्रहरीले दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## चर्को शुल्कमा पानी बेचे कारबाही हुने

दैनिक समाचारदाता
जनकपुरधाम, २७ असार । मनसुनी वर्षा सुरु भइसके पनि धनुषाका विभिन्न क्षेत्रमा खडेरी र खानेपानीको समस्या देखिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी अनुदानमा जडान गरिएका भूमिगत पानीका स्रोतबाट चर्को शुल्क असुल नगर्न सम्बन्धित पक्षलाई चेतावनी दिएको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेलद्वारा जारी सूचनामा कमला नगरपालिका, सबैला नगरपालिका, शहीदनगर नगरपालिका लगायतका केही स्थानीय तहका वडा तथा बस्तीमा पानीका मुहान सुक्नुका साथै बोरिङबाट समेत पानी नआउँदा खानेपानीको समस्या उत्पन्न भएको उल्लेख छ।




प्रशासनका अनुसार प्रभावित क्षेत्रमा तत्काल पिउने पानीको व्यवस्था मिलाउन सम्बन्धित वडा, स्थानीय तह तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग समन्वय गरी आवश्यक पहल भइरहेको छ।

यसैबीच, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न दातृ निकायको अनुदानमा जडान गरिएका पम्पसेट, बोरिङ, डिप बोरिङ र इनारजस्ता सामुदायिक खानेपानी तथा सिँचाइका स्रोतबाट केही जग्गाधनीले अत्यधिक शुल्क लिएर पानी उपलब्ध गराउँदै आएको गुनासो प्रशासनमा परेको छ।

प्रशासनले सरकारी अनुदानमा निर्माण गरिएका यस्ता संरचनाबाट समुदायले निर्धारण गरेको सर्वसुलभ दरमै पानी तथा सिँचाइ सुविधा उपलब्ध गराउन आग्रह गरेको छ।

सरकारी अनुदानमा निर्माण भएका खानेपानी तथा सिँचाइका स्रोतबाट व्यक्तिगत लाभका लागि चर्को शुल्क असुलेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ।

## विपद् हटलाइन '१२३४' देशभर सञ्चालन


दैनिक समाचारदाता
जनकपुरधाम, २७ असार । विपद्सम्बन्धी सूचना, गुनासा, उद्धार तथा समन्वय सेवालाई छिटो, सहज र प्रभावकारी बनाउन गृह मन्त्रालयले विपद् हटलाइन नम्बर १२३४ देशभरका ७७ जिल्लामा सञ्चालनमा ल्याएको छ।

गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार यसअघि राष्ट्रियस्तरबाट सञ्चालन हुँदै आएको टोल-फ्री विपद् हटलाइन ११४९ लाई प्रतिस्थापन गर्दै नयाँ हटलाइन नम्बर १२३४ लागू गरिएको हो।


नयाँ व्यवस्थाअनुसार काठमाडौं, ललितपुर र भक्तपुरबाट १२३४ मा गरिएको फोन राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सिंहदरबारमा पुग्नेछन्। अन्य ७४ जिल्लाबाट गरिएका फोन भने सम्बन्धित जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्वतः राउट हुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। यससँगै नागरिकले विपद्सम्बन्धी सूचना, समस्या, गुनासा तथा सुझाव आफ्नै जिल्लाको आपत्कालीन केन्द्रमा प्रत्यक्ष रूपमा उपलब्ध गराउन सक्नेछन्। मन्त्रालयका अनुसार यसले उद्धार, राहत वितरण, समन्वय तथा सेवा

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सल्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# असारे खर्चको पुरानै रोग

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को अन्तिम चरणमा बजेट खर्चको गति उल्लेखनीय रूपमा बढाएको छ। असार २५ गतेसम्म कुल विनियोजित बजेटको ५६.३१ प्रतिशत खर्च हुनु पहिलो दृष्टिमा सकारात्मक देखिए पनि यसले प्रदेशको वित्तीय व्यवस्थापनको गम्भीर कमजोरीलाई नै उजागर गर्छ। वर्षभरि सुस्त गतिमा रहेको बजेट कार्यान्वयन अन्तिम महिनामा एकाएक तीव्र हुनु नयाँ घटना होइन, बरु हाम्रो सार्वजनिक वित्त व्यवस्थापनमा जरा गाडेको 'असारे खर्च' संस्कृतिको निरन्तरता हो।

तथ्यांक हेर्दा जेठ १३ गतेसम्म केवल १८.६४ प्रतिशत बजेट खर्च भएको थियो। त्यसपछि करिब डेढ महिनामै १७ अर्ब ७० करोड रुपैयाँभन्दा बढी खर्च भएको छ। यसले विकास आयोजना समयमै अघि बढेनन्, खरिद प्रक्रिया ढिलो भयो र अधिकांश भुक्तानी आर्थिक वर्षको अन्तिममा थुपारियो भन्ने स्पष्ट संकेत गर्छ। यस्तो अभ्यासले खर्चको गुणस्तरभन्दा रकम सक्ने मानसिकतालाई प्रोत्साहन गर्छ।

पुँजीगत बजेट विकासको मुख्य आधार हो। तर त्यसको पनि आधाभन्दा केही बढी मात्रै खर्च हुनु र त्यो पनि अन्तिम महिनामा केन्द्रित हुनु चिन्ताको विषय हो। विकास आयोजना योजनाअनुसार समयमै सञ्चालन नभए लागत बढ्ने, गुणस्तर कमजोर हुने र नागरिकले समयमै सेवा तथा पूर्वाधारको लाभ लिन नपाउने अवस्था सिर्जना हुन्छ। हतारमा गरिएका कामले दीर्घकालीन रूपमा राज्यलाई थप आर्थिक भार पनि थप्न सक्छ।

वास्तविक समस्या बजेट खर्चको प्रतिशत बढ्नु मात्र होइन, खर्चको गुणस्तर र प्रभावकारिता हो। विकास भनेको आर्थिक वर्षको अन्तिममा रकम खर्च गरेर मात्र मापन हुँदैन। योजना छनोटदेखि ठेक्का व्यवस्थापन, अनुगमन, मूल्याङ्कन र समयमै सम्पन्न हुने प्रणाली निर्माण नै सफल बजेट कार्यान्वयनको आधार हो।

अझै पनि करिब ४४ प्रतिशत बजेट खर्च हुन बाँकी रहनुले प्रदेश सरकारले विनियोजन गरेको स्रोतलाई पूर्ण रूपमा परिचालन गर्न नसकेको देखाउँछ। बजेट निर्माण गर्दा महत्वाकांक्षी योजना बनाउने तर कार्यान्वयनमा कमजोर हुने प्रवृत्तिले विकासको लक्ष्यलाई नै प्रभावित गरिरहेको छ।

अब मधेश प्रदेश सरकारले असारे खर्चलाई उपलब्धिको रूपमा प्रस्तुत गर्नु भन्दा त्यसको कारण हटाउनेतर्फ ध्यान दिनुपर्छ। बजेट स्वीकृत भएलगत्तै योजना कार्यान्वयन सुरु गर्ने, खरिद प्रक्रिया समयमै सम्पन्न गर्ने, त्रैमासिक कार्यसम्पादनको कडाइका साथ समीक्षा गर्ने र परिणाममुखी खर्च प्रणाली विकास गर्ने नीति अपनाउन आवश्यक छ। बजेटको सफलता खर्चको आकारले होइन, त्यसबाट नागरिकको जीवनमा आएको सकारात्मक परिवर्तनले मापन हुनुपर्छ। असारे खर्चको पुरानो रोग अन्त्य गरेर वर्षभरि सन्तुलित, पारदर्शी र गुणस्तरीय बजेट कार्यान्वयनतर्फ अग्रसर हुनु नै मधेश प्रदेशको सुशासन र दिगो विकासको वास्तविक आधार हुनेछ।

# ओझेलमा पर्नसक्छ रास्वपा सरकारको दलितसँग माफी कार्यक्रम



हिरा विश्वकर्मा

हुनत २०६३ सालमा पुनर्स्थापित प्रतिनिधिसभाले जेठ २१ गतेका दिन देशलाई 'छुवाछूतमुक्त राष्ट्र' घोषणा गऱ्यो, त्यो हाम्रो लागि त्यति आश्चर्यको विषय थिएन। म आफैं त्यतिबेला 'दलित गैरसरकारी संस्था महासङ्घ' मा कार्यरत थिएँ र दलितको सशक्तीकरण र समावेशीकरणको ठूलो परियोजना सञ्चालन गरेको थिएँ। त्यतिबेला हामी विभिन्न प्रसङ्गवश देश छुवाछूतमुक्त राष्ट्र घोषित हुनुपर्ने धारणा राख्यौं। त्यहाँ खासगरी एमालेनिकट साथीहरू प्रशस्तै थिए, सम्भवतः उनीहरूले हाम्रो यो धारणालाई पार्टीसमक्ष पुऱ्याए।

इतिहासमा पहिलो पटक चुनाव नलडिकन पाएको माओवादीको ८३ सिटमा उसले १८ जना दलितलाई पनि सांसद बनायो। त्योभन्दा अगाडिसम्म २०४८ साललाई छोडेर प्रतिनिधिसभा दलितविहीन थियो। माओवादीले आफ्ना विभिन्न जनसरकारहरूमा पनि थुप्रै दलितलाई सरकार प्रमुख बनाएको थियो। यिनै रापतापको बलमा नेपाली कांग्रेसका परशुराम मेघी गुरुङको प्रस्तावमा सर्वसम्मत रूपमा संसद्ले 'छुवाछूतमुक्त राष्ट्र' को सङ्कल्प प्रस्ताव पारित गऱ्यो। र हामीले कुनै खास औपचारिक रूपमा माग नगरेको विषयलाई पूरै देशले आत्मसात् गऱ्यो, हामी पनि हर्षले गद्गद् भयौं।

तर त्यो सङ्कल्प प्रस्तावलाई राज्यको औपचारिक संयन्त्रले कहिल्यै आफ्नो बनाएन। केवल केही समय हामीले विदेशी दाताको पैसा लिएर गर्ने कार्यक्रममा सीमित भयो भने, अहिले त्यसलाई राष्ट्रिय दलित आयोगले केही सरकारी बजेटको कार्यक्रम सहित औपचारिकता पाइरहेको छ। यसपालिको जेठ २१ गतेको उपलक्ष्यमा राष्ट्रपति र सभामुखका तर्फबाट शुभकामना पाइयो भने, दिउँसो अपराह्न प्रधानमन्त्री बालेन्द्र शाहको पनि शुभकामना मन्तव्य सामाजिक सञ्जालमा देखियो।

रास्वपाले आफ्नो चुनावी वाचापत्रको पहिलो नम्बरको बुँदामै दलितले भोगेको विभेद विरुद्ध राज्यले माफी माग्ने कुरा गऱ्यो। यो हाम्रो लागि आश्चर्यको विषय थियो। किनभने, रास्वपाको पार्टी संयन्त्रमा दलितको सशक्त उपस्थिति कहींकतै थिएन। रास्वपाको हामीले चिनेको अनुहार सन्तोष परियार बाहिरिसकेका थिए, अरू भएका एक-दुई जना दलितले रास्वपाको नीतिमा त्यस्तो प्रभाव पार्ने देखिएका थिएनन्। तर यसको पत्र खोल्दै जाँदा धेरै रोचक प्रसङ्गहरू देखिंदोरहेछ।

रास्वपाका संस्थापक केन्द्रीय सदस्य महेश्वर घिमिरे, जो आफैं फरक क्षमता भएका व्यक्ति हुन्, उनले हामीसँगको लामै अन्तरक्रियामा अस्ट्रेलियाको पढाइको सिलसिलामा त्यहाँको सरकारले त्यहाँका आदिवासीलाई उपनिवेश बनाउने क्रममा गरेको ज्यादती विरुद्ध औपचारिक रूपमा क्षमायाचना गर्दै ती आदिवासीहरूको हितमा विभिन्न रणनीतिक कार्यक्रमहरू गरेको प्रसङ्ग सुनाए। त्यही माफीलाई घिमिरेले रास्वपाको वाचापत्र निर्माण गर्ने क्रममा राखेको बताए।

उनी एक्लैको प्रयासले मात्र त्यो आएको त पक्कै होइन भन्दै खोज्दै जाँदा, अमेरिकामा एक जना दलितप्रति अत्यन्तै सहृदय व्यक्ति होम आचार्य बस्छन् र नेपाल आउजाउ गर्दा हाम्रा विभिन्न कार्यक्रममा पनि सहभागी हुन्छन्। उनले २०१७ को डिसेम्बर २७ का दिन वासिङ्टन डीसीको लिङ्कन मेमोरियलको प्राङ्गणमाथि, त्यहाँ वाल्टिमोर तथा भर्जिनिया क्षेत्रमा बसोबास गर्ने दलित समुदायका व्यक्तिहरूलाई सिंढीमाथि राखेर उनी तथा उनका केही साथीहरू तल बसेर, घुँडा टेकेर 'हामी लगायत हाम्रो पुस्ताले जुन तपाईंहरूमाथि अन्याय गरेको छ, त्यसको लागि हामी माफी माग्छौं' भन्दै खिचेको फोटो हामी बीचमा निकै भाइरल भयो।

पछि सुन्नमा आए अनुसार अहिलेका परराष्ट्रमन्त्री शिशिर खनाल उनै होम आचार्यका असल मित्र हुन्। सम्भवतः करिब ९ वर्ष अगाडि अमेरिकामा बस्ने होम आचार्यको माफी शिशिर खनालको लागि पनि प्रेरणा भयो कि भन्ने चर्चा गरिन्छ।

प्रधानमन्त्री बालेन्द्र शाहको भूमिका यो माफीको प्रसङ्ग ल्याउँदा कस्तो थियो भन्ने सार्वजनिक चर्चामा त छैन, तर उनी आफैं जातीय विभेदबाट पीडित हुन् भन्ने कुरा सामाजिक सञ्जालमा भाइरल थियो।

रवि लामिछाने 'सिधा कुरा' को प्रस्तोता हुँदा पनि जातीय विभेदबाट पीडित व्यक्तिहरूलाई बेलाबेलामा कार्यक्रममा स्थान दिएर उनीहरूलाई न्याय दिलाउने प्रयास गरेका थिए। उनी हाम्रा समुदायका व्यक्तिहरूसँगको भेटघाटमा पनि दलित समुदायप्रति संवेदनशील भएको कुरा भन्थे।

हाम्रा केही साथीले 'दलित गोलमेच अभियान' सञ्चालन गरेका थिए। यसको मुख्य उद्देश्य दलितको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्दै २०८४ मा हुने चुनावको लागि तयारी गर्नु थियो। तर भदौ २३ र २४ गतेको आन्दोलनले चुनावलाई दुई वर्ष अगाडि नै ल्याइदियो। एउटा सोच र केही शक्ति त निर्माण भएको थियो, तर त्यसलाई पार्टीको आकार दिन सक्ने अवस्था थिएन, पुराना पार्टीहरूसँग जाने स्थिति थिएन।

वैकल्पिक रूपमा उदाएका वा उदाइरहेकाहरूसँग उहाँहरूले संवाद गर्ने क्रममा नख्खु जेलमा रहेका रास्वपा सभापति रवि लामिछानेसँग पनि निकै लामो र सौहार्दपूर्ण भेट भएछ। उहाँहरूले भनेअनुसार सभापतिले लगभग ४६ मिनेट उहाँहरूसँग संवाद गरेछन् र भनेछन्– 'रास्वपा सबैभन्दा ठूलो राजनीतिक पार्टी हुँदैछ, त्यसकारण तपाईंहरू जस्तो दलित आन्दोलनबाटै खारिएर आएका साथीहरू समाहित हुनुहोस्। तपाईंहरूले भनेकै आधारमा पार्टीले दलितसँग सम्बन्धित नीतिहरू बनाउनेछ।'

उनले थपेछन्, 'म जे भए पनि बाहुन हुँ र मैले त देखेको मात्रै हुन्छु, तपाईंहरूले त भोगेर आउनुभएको छ। तपाईंहरू पार्टीमा प्रवेश गर्नुभयो भने दलित समाजलाई मैले तपाईंहरूलाई हेरेर पढ्ने हो। तपाईंहरू नै मेरा लागि समाज बुझ्ने किताब हुनुहुनेछ।'

रविले हाम्रा लागि अर्को गम्भीर कुरा पनि भनेछन्, 'तपाईंहरू जस्ता मान्छे पार्टीमा प्रवेश गर्नुभयो भने पार्टी र तपाईंहरूको समुदायको लागि पनि राम्रो हुनेछ। तर तपाईंहरू आउनुभएन भने पार्टीमा दलित समुदायबाट एभरेज मान्छेहरू आउनेछन् र उनीहरूले तपाईंहरूको अपेक्षा अनुरूप कार्य गर्न सक्ने छैनन्, र तपाईंहरूको एजेन्डा १०-१५ वर्ष पछाडि पर्नेछ।'

दलित गोलमेच अभियानका साथीहरूले रविले भने अनुसार आफूलाई त्यहाँ समाहित गर्न सकेनन् वा ढिलो गरे। नभन्दै अहिले हाम्रो मूल्याङ्कनमा दलित समुदायका नामै नसुनेका, कुनै वैचारिकी तथा आन्दोलनको पृष्ठभूमि नभएका व्यक्तिहरूको प्रवेश भएको देखिन्छ। जसको केही नाम सुनिएको थियो, उनीहरू पनि आवाज तथा भूमिकाविहीन भएको देखिन्छ।

माथि उल्लिखित घटनाहरूको विश्लेषण गर्दा रास्वपाको दलितसँग माफी माग्ने नीति त्यत्तिकै आएको होइन भन्ने देखिन्छ। यो आलेख तयार पार्दै गर्दा सरकारले आफ्नो १०० दिन मनाइसकेको छ। पार्टीको १ नम्बरमा परेको माफी सरकारको ५ नम्बर बुँदामा मात्रै परेको थिएन, सरकारले शासकीय सुधारको १०० बुँदे कार्यक्रममध्ये माफीको कार्यक्रम १५ दिनभित्र सार्वजनिक गर्ने घोषणा गरेको थियो। तर अहिले १०० दिन पुग्दानपुग्दै त्यो विस्मृतिमा पुगेको देखिन्छ।

हामीले अपेक्षा गरेका थियौं, वाचापत्रमा उल्लेख भएको सो माफीनामाले राष्ट्रपतिको सम्बोधन र अर्थमन्त्रीको बजेट भाषण मार्फत कार्यान्वयनमा जानेछ। तर अर्थमन्त्रीले पाँच वर्षमुनिका दलित बालबालिकाको लागि विनियोजन गरेको ३ अर्बको बजेटलाई नै माफीको स्वरूप हो भनेर भनिदिनुभयो। जबकि सो कार्यक्रमको सुरुआत डा. बाबुराम भट्टराई अर्थमन्त्री भएदेखि शुरु भएको हो। मैले प्रधानमन्त्री कार्यालयका निजामतीतर्फका स्वकीय सचिव प्रदीप परियारसँग पनि यो माफीको प्रसङ्ग उठाएको थिएँ, तर उनले बडो रुखो शैलीमा 'केही नभएको' जवाफ फर्काए।

जसरी २०६३ जेठ २१ को छुवाछूतमुक्त राष्ट्र घोषणा औपचारिकतामा मात्र सीमित भयो, अर्कोतर्फ दलितमाथि हुने विभेद र हत्यासम्मका घटनाहरूले न्याय नपाई ओझेलमा पर्ने स्थिति देखिएको छ; रास्वपाको माफी पनि यसरी नै ओझेलमा पर्ने देखिन्छ।

साभारः अनलाइनखबरडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मेटाले क्यानडा १० बिलियन डलरको नयाँ डाटा सेन्टर बनाउने




काठमाडौं । प्रविधि कम्पनी मेटाले क्यानडाको अल्बर्टामा नयाँ डाटा सेन्टर बनाउन सुरु गरेको छ। यो परियोजनामा कम्पनीले १० बिलियन डलर खर्च गर्नेछ।

मेटाका अनुसार, स्टर्जन काउन्टीमा बन्ने यो डाटा सेन्टर १ गिगावाट क्षमताको हुनेछ। यो क्यानडामा मेटाको पहिलो र विश्वभरिको ३३ औं डाटा सेन्टर हो।

कम्पनीले यसलाई एआई सम्बन्धी कामहरूका लागि विशेष रूपमा तयार पार्दैछ। मेटाले अमेरिकामा मात्र एआई पूर्वाधारका लागि ६०० बिलियन डलरभन्दा बढी लगानी गरिसकेको छ।

यो क्यानेडियन परियोजनाले निर्माण क्षेत्रमा हजारौं रोजगारी सिर्जना गर्नेछ। यसले निर्माण सकिएपछि पनि ३०० जनालाई स्थायी रोजगारी दिनेछ। कम्पनीले स्थानीय समुदायलाई आर्थिक सहयोग गर्ने र वातावरण मैत्री रूपमा बिजुली तथा पानी प्रयोग गर्ने बताएको छ।

विगत दुई वर्षमा मेटाले आफ्ना डाटा सेन्टरहरू निकै तीव्र रूपमा विस्तार गरेको छ। कतिपय रिपोर्टका अनुसार मेटाले आफ्नो क्षमताभन्दा बढी डाटा सेन्टर बनाएको छ। त्यसैले कम्पनीले यो अत्यधिक क्षमताबाट पैसा कमाउन क्लाउड इन्फ्रास्ट्रक्चर व्यवसाय सुरु गर्नुपर्ने हुन सक्छ। मेटाले एआई बजारको सम्भावनालाई आवश्यकताभन्दा बढी अनुमान गरेको चर्चा पनि छ। तर कम्पनीले यी प्रणालीहरूबाट पैसा कमाउन थप एड्भान्स कार्यक्रमहरूमा काम गरिरहेको छ।

सन् २०२६ को पहिलो त्रैमासिक रिपोर्ट अनुसार मेटाले यसै वर्ष विकास कार्यमा थप १२५ बिलियनदेखि १४५ बिलियन डलर लगानी गर्ने अपेक्षा गरेको छ। यो लगानी मुख्य रूपमा एआई पूर्वाधारमा हुनेछ।

एआईको 'रेस' जित्नका लागि प्रोसेसिङ पावर सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। मेटाले आफ्ना प्रतिस्पर्धीहरूलाई पछि पार्न आफ्ना सम्पूर्ण स्रोतहरू उत्कृष्ट एआई मोडेल बनाउन प्रयोग गरिरहेको छ।


यद्यपि चीनका कतिपय एआई ल्याबहरूले निकै कम स्रोत प्रयोग गरेर पनि यस्तै शक्तिशाली मोडेलहरू बनाइरहेका छन्।

सीएनबीसीको रिपोर्ट अनुसार डीपसिक र जेड.एआई जस्ता चिनियाँ एआई मोडेलहरू अमेरिकी कम्पनीहरू माझ लोकप्रिय हुँदैछन्। यी मोडेलहरूको लागत कम छ तर काम गर्ने क्षमता अमेरिकी मोडेल जत्तिकै छ।

यसले गर्दा अमेरिकी कम्पनीहरूलाई आफ्नो सेवाको मूल्य घटाउन र गुणस्तर बढाउन दबाब परेको छ।

# ब्रह्माण्डका सबैभन्दा पुराना क्वाजार फेला

काठमाडौं । वैज्ञानिकहरूले अहिलेसम्मकै सबैभन्दा पुराना क्वाजारहरू फेला पारेका छन्। यी क्वाजारहरूले ब्रह्माण्डको उमेर ६७ करोड वर्ष मात्र हुँदा चम्किरहेका विशाल ब्ल्याक होलहरूलाई देखाएका छन्। खगोलविद्हरूले ३१ वटा पुराना क्वाजारहरू पत्ता लगाएका हुन्। यसमा अहिलेसम्मकै सबैभन्दा पहिले बनेका दुईवटा क्वाजारहरू पनि सामेल छन्। यी क्वाजारहरू सूर्यको द्रव्यमान ( मास ) भन्दा अरबौं गुणा ठूला सुपरम्यासिभ ब्ल्याक होलहरूबाट सञ्चालित छन्। यति चम्किला वस्तुहरू बिग ब्याङपछि यति चाँडो कसरी बने भन्ने कुराले वैज्ञानिकहरूको बुझाइलाई चुनौती दिएको छ। क्वाजारहरू ब्रह्माण्डकै सबैभन्दा चम्किला र शक्तिशाली वस्तुहरू हुन्।



यस विषयको अनुसन्धान एस्ट्रोनोमी एन्ड एस्ट्रोफिजिक्स जर्नलमा प्रकाशित भएको छ। क्यालिफोर्निया विश्वविद्यालय र लेइडन विश्वविद्यालयका प्राध्यापक जोसेफ हेनावीले यो खोजले सुपरम्यासिभ ब्ल्याक होलहरू कसरी बन्छन् भन्ने कुरा बुझ्न मद्दत गर्ने बताए।

वैज्ञानिकहरूले दशकौंदेखि ब्रह्माण्डका पुराना क्वाजारहरू खोजिरहेका थिए। बिग ब्याङको ७७ करोड वर्षभन्दा कम समयमा बनेका क्वाजारहरू पाउन एकदमै गाह्रो हुन्छ। ब्रह्माण्ड फैलिने क्रममा यस्ता टाढाका क्वाजारहरूको प्रकाश पराबैजनीबाट इन्फ्रारेडमा परिणत हुन्छ। पृथ्वीको वायुमण्डलका कारण यस्तो मधुरो प्रकाश जमिनमा रहेका टेलिस्कोपबाट देख्न गाह्रो हुन्छ।

खगोलविद्हरूले यस्तो दुरी र उमेर अनुमान गर्न रेडसिफ्ट पद्धतिको प्रयोग गर्छन्। लेइडन विश्वविद्यालयका प्राविधिक विद्यार्थी डामिङ याङले जमिनबाट यस्ता क्वाजार खोज्न असम्भव जस्तै भएको बताए।

युरोपेली स्पेस एजेन्सीले सन् २०२३ मा युकलिड स्पेस टेलिस्कोप प्रक्षेपण गरेको थियो। यो टेलिस्कोपले पृथ्वीको वायुमण्डल भन्दा माथि बसेर काम गर्छ। अनुसन्धानकर्ताहरूले युकलिड वाइड सर्भेको डाटा प्रयोग गरेर ३१ वटा नयाँ क्वाजारहरू पहिचान गरे।

युकलिड टेलिस्कोपले क्वाजारको खोजी प्रक्रियालाई धेरै सजिलो बनाइदिएको छ। वैज्ञानिकहरूले संकलन गरेका क्वाजारहरू मध्ये १४ वटाको रेडसिफ्ट ७ वा सोभन्दा बढी छ। सबैभन्दा पुराना दुईवटा क्वाजारको रेडसिफ्ट ७.६९ र ७.७७ रहेको छ। यी क्वाजारहरू १३ अर्ब प्रकाश वर्षभन्दा बढी दुरीमा रहेका छन्। यो खोजले सन् २०२१ मा हेनावीको टोलीले राखेको पुरानो रेकर्डलाई पनि तोडेको छ।

खगोलविद्हरूले क्वाजार खोज्न मेसिन लर्निङ प्रविधिको पनि प्रयोग गरे। अत्याधुनिक एल्गोरिदमले करोडौं खगोलीय स्रोतहरू जाँच गरेर क्वाजारहरूलाई छुट्याउन सक्छ। हेनावीको टोलीले यी खोजहरूमा प्रयोग हुने धेरै एल्गोरिदमहरू विकास गरेको थियो। केक टेलिस्कोपले यी मध्ये दुई तिहाइ क्वाजारहरू पुराना भएको कुरा प्रमाणित गऱ्यो। अनुसन्धानकर्ताहरूले अब रेडसिफ्ट ८ भन्दा पारिको पहिलो क्वाजार खोज्ने लक्ष्य राखेका छन्। टोलीले यी क्वाजारहरूको विस्तृत अध्ययन गर्न जेम्स वेब स्पेस टेलिस्कोपमा समय सुरक्षित गरिसकेको छ।

भविष्यको अवलोकनले ब्ल्याक होलको द्रव्यमान नाप्नेछ। यसैगरी अटाकामा लार्ज मिलिमिटर एरेले ती ग्यालेक्सीहरू भित्रको धुलो र ग्यासको अध्ययन गर्नेछ।

# आँधीका कारण ताइवानमा हजारौँ विस्थापित

एजेन्सी

ताइपेइ २७ असार । जापानबाट चीनतर्फ धकेलिएको आँधी बावीका कारण ताइवानमा १४ हजारभन्दा बढी मानिसहरू आफ्नो घर छोडेर भाग्न बाध्य भएका छन् भने धेरै पसल तथा व्यावसायहरु बन्द रहेको जनाइएको छ ।

बावीले आँधी ओकिनावामा हजारौँलाई प्रभावित बनाएको छ भने आइतबार बिहान चीनमा निराशा व्यक्त गरेका छन् भने जसले गर्दा अधिकांश व्यवसायहरू बन्द गर्न र मानिसहरूलाई घर भित्रै बस्न बाध्य बनाएको थियो ।

किलुङका एक जना व्यावसायी लीले आँधीका कारण व्यापार गुमाएकोमा निराश भएको बताएका छन् । टाइफुनले जापानको दुर्गम दक्षिणपश्चिमी टापुहरूमा प्रहार गर्दा मियाको क्षेत्र सबैभन्दा बढी प्रभावित



भएपछि ओकिनावाका १८ हजार भन्दा बढी घरपरिवार र सुविधाहरूले बिजुली गुमाएको जनाएको छ ।

आँधीका कारण जापानी एयरलाइन्सहरूले दर्जनौँ उडानहरू रद्द गरेको जनाइएको छ भने यसका कारण २६ हजारभन्दा बढी यात्रुहरू प्रभावित भएका छन् । बावीले सबैभन्दा खराब अवस्था लिइरहेको जनाइएको छ ।

त्यस्तै, फिलिपिन्समा शुक्रबार दक्षिणी टापु मिन्डानाओमा भएको भारी वर्षाले गर्दा आएको दुई वटा पहिरोमा कम्तीमा १५ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । सरकारी टेलिभिजन सीसीटिभीका अनुसार पूर्वी झेजियांग प्रान्त र उत्तरपूर्वी फुजियान प्रान्तमा भारी वर्षा हुने पूर्वानुमान गरिएको जनाइएको छ । झेजियांगको सियागुआन सहरमा, दश हजार भन्दा बढी मानिसहरूलाई "तीव्र हावा" को जोखिमका कारण आफ्नो घरबाट सुरक्षित स्थानमा स्थानान्त्रण गरिएको सीसीटिभीले जनाएको छ । लामो समय सम्म चलेको चरम मौसमले यस हप्ता दक्षिणी तथा मध्य चीनमा विनाश गरेको जनाइएको छ भने आँधीबेहरीले कम्तिमा ३९ जनाको ज्यान लिनुका साथै दर्जनौं नदीहरूमा बाडी आएको छ र जलाशयका बाँध फुटेको उल्लेख गरिएको छ ।

अवतरण गर्ने अपेक्षा गरिएको छ । बावीका कारण आएको तीव्र हावा र भारी वर्षाले सबैभन्दा बढी प्रभावित क्षेत्र ताइवानको बन्दरगाह सहर कीलुङमा सडकहरू सुनसान भएको जनाइएको छ ।

गत सोमबार गुआम र उत्तरी मारियानासमा प्रहार गरेपछि, बावीले प्रशान्त महासागर क्षेत्रमा अवतरण गरेको जनाइएको छ । ताइवानको केन्द्रीय मौसम विभागले ( सीडब्लुए) बावीको अधिकतम निरन्तर हावाको गति १४४ किलोमिटर प्रति घन्टामा झरेको जनाइएको छ ।

सिडब्लुएले उत्तरी ताइवानमा भारी वर्षा र बावी टापुको उत्तरमा पुग्दा तटमा १० मिटर अग्ला "खतरनाक छालहरू" को चेतावनी दिएको छ । आँधीका कारण २७ हजारभन्दा बढी घरहरु बिजुली विहीन भएको जनाइएको छ ।

आँधीको प्रभाव शनिबार दिउँसोको समयमा बढी हुने सिडब्लुएका पूर्वानुमानकर्ता जेसन चेङलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

बावी शुक्रबार ताइवानमा ३० वर्षभन्दा बढी समय पछि आएको सबैभन्दा ठुलो टाइफुन भएको र त्यसबेला देखि यसको तीव्र हावाको दर ३५० किलोमिटरमा सङ्कुचित हुने चेङले बताएका छन् । केही ताइवानीहरूले सरकारको टाइफुन चेतावनीमा

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com


राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# ‘अस्पतालमा युट्युब-फेसबुक भिडियो बनाउनेमाथि कारवाही गर्ने स्वास्थ्य मन्त्रालयको निर्देशन’

दैनिक समाचारदाता
जनकपुरधाम २७ असार । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पताल तथा स्वास्थ्य संस्थाभित्र अनुमति बिना भिडियो वा फोटो खिच्ने, सामाजिक सञ्जालका लागि सामग्री बनाउने, स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार गर्ने तथा उपचार प्रक्रियामा अवरोध पुर्‍याउने गतिविधिप्रति कडा चेतावनी दिएको छ ।

मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा पछिल्लो समय केही व्यक्तिहरू अस्पताल परिसरमा पूर्वस्वीकृति बिना प्रवेश गरी बिरामी र स्वास्थ्यकर्मीको भिडियो तथा फोटो खिच्ने, अन्तर्वार्ताका नाममा भिडभाड गर्ने र उपचारमा संलग्न चिकित्सक तथा कर्मचारीको काममा बाधा पुर्‍याउने घटनाहरू बढेको उल्लेख गरिएको छ ।

मन्त्रालयका अनुसार यस्ता गतिविधिले बिरामीको




गोपनीयताको अधिकार हनन हुनुका साथै संवेदनशील अवस्थामा रहेका बिरामीको उपचार प्रक्रियामा समेत प्रतिकूल असर पर्ने गरेको छ ।

विज्ञप्तिमा अस्पतालजस्तो संवेदनशील क्षेत्रमा अनुमति बिना भिडियो वा फोटो खिच्नु, स्वास्थ्यकर्मीलाई अनावश्यक दबाब दिनु तथा दुर्व्यवहार गर्नु प्रचलित कानुनविपरीत रहेको उल्लेख गरिएको छ। स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ तथा मुलुकी अपराध संहिता, २०७४ मा यस्ता गतिविधिलाई कानुनी कारबाहीको दायरामा ल्याउने स्पष्ट व्यवस्था रहेको मन्त्रालयले स्मरण गराएको छ ।

मन्त्रालयले अस्पताल वा स्वास्थ्य संस्थासँग सम्बन्धित कुनै पनि फोटो वा भिडियो लिनुअघि सम्बन्धित संस्थाको पूर्वस्वीकृति लिन र बिरामीको गोपनीयताको सम्मान गर्न सञ्चारकर्मी, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सर्वसाधारणलाई आग्रह गरेको छ।

यदि कसैले अनुमति बिना अस्पतालभित्र भिडियो वा फोटो खिच्ने, उपचारमा अवरोध गर्ने वा स्वास्थ्यकर्मीमाथि हातपात तथा दुर्व्यवहार गरेको पाइएमा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने मन्त्रालयले जनाएको छ। यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायलाई समेत आवश्यक निर्देशन दिइएको विज्ञप्तिमा उल्लेख छ।

साथै मन्त्रालयले उपचारका क्रममा कुनै स्वास्थ्यकर्मीबाट कमजोरी भएको गुनासो भए सम्बन्धित निकायमा उजुरी गरी कानुनी प्रक्रियाबाट समाधान खोज्न आग्रह गर्दै, अस्पतालभित्र होहल्ला, दबाब वा अवरोध सिर्जना नगर्न सबै पक्षसँग अपिल गरेको छ ।

# श्री राम युवा कमिटीको मतदान सम्पन्न




दैनिक समाचारदाता
जनकपुरधाम, २७ असार । जनकपुरधामस्थित सामाजिक संस्था श्री राम युवा कमिटीको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनअन्तर्गत मतदान सम्पन्न भएको छ ।

शनिबार बिहान ९ बजेदेखि सुरु भएको मतदान साँझ ४ बजेसम्म सञ्चालन भएको थियो । निर्वाचनमा कुल २३३ मत खसेको निर्वाचन प्रमुख निर्मलकुमार चौधरीले जानकारी दिएका छन ।

उनका अनुसार मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । साँझ ६ बजेदेखि मतगणना सुरु गरिने तयारी गरिएको उनले बताएका छन् । कमिटीको अध्यक्ष पदका लागि अजय ठाकुर, अनिकेतकुमार ठाकुर, गणेशप्रसाद साह, पंकजकुमार आजाद, रामप्रताप साह, सरोजकुमार साह र विजयकुमार साह (दुबई) गरी सात जनाले उम्मेदवारी दिएका छन् ।

त्यस्तै, वरिष्ठ उपाध्यक्ष पदका लागि अजयकुमार ठाकुर, शिव ठाकुर सोनार र उपेन्द्र भण्डारी चुनावी प्रतिस्पर्धामा छन्।

उपाध्यक्ष पदमा दीपककुमार साह निर्विरोध निर्वाचित भइसकेका छन्।

महासचिव पदका लागि विनोद ठाकुर, शम्भुलाल दास र सुभाषचन्द्र साह उम्मेदवार छन् भने सचिव पदमा अजयकुमार साह, आनन्दकुमार मण्डल, लोकेश्वर झा र सञ्जय ठाकुर प्रतिस्पर्धामा रहेको निर्वाचन प्रमुख चौधरीले जानकारी दिए।

कमिटीका पूर्वअध्यक्ष रामबाबु साहका अनुसार कमिटीमा १५ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ। यसबाहेक दुई सदस्य मनोनीत गरिने र निवर्तमान अध्यक्ष पदेन सदस्य रहने प्रावधान रहेको उनले बताए।

## कीर्तिपुरमा माजिद अन्सारीसहित केही अभियन्ता पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, २७ असार । काठमाडौंको कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टरबाट जेनजी अभियन्ता माजिद अन्सारीसहित केही अभियन्तालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले अन्सारीसँगै सरिश्मा थापालगायतलाई नियन्त्रणमा लिएको जनाएको छ।

कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा रहेका सुकुमवासीहरू डुबानमा परेपछि अन्सारीसहितका अभियन्ताहरू त्यहाँ पुगेका थिए। सोही क्रममा उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

अन्सारीले भने आफूहरूमाथि प्रहरीले दुर्व्यवहार गर्दै पक्राउ गरेको आरोप लगाएका छन्। उनका अनुसार पक्राउ गर्ने क्रममा प्रहरीले कुटपिट र लछारपछार गरेको तथा त्यसक्रममा उनको नाकबाट रगतसमेत बगेको छ। हाल उनीहरूलाई कीर्तिपुरस्थित प्रहरी बिटमा राखिएको छ।

प्रहरीले पक्राउको कारणबारे औपचारिक धारणा सार्वजनिक गरिसकेको छैन।

## विपद् हटलाइन.....

प्रवाहलाई थप प्रभावकारी र समयमै सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।गृह मन्त्रालयले मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको निर्णयअनुसार शासकीय सुधार कार्यसूची कार्यान्वयन गर्दै परिणाममुखी, जवाफदेही र प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि सबै ७७ जिल्लाका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सै घण्टा सञ्चालनमा ल्याइएको जनाएको छ।मन्त्रालयले विपद्को समयमा नेपाल सरकारबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वसूचनाको पालना गर्न र विपद्सम्बन्धी कुनै पनि सूचना वा सहायता आवश्यक परे हटलाइन नम्बर १२३४ मा सम्पर्क गर्न सबै नागरिकसँग आग्रह गरेको छ।

# सरकार विभेदकारी बाटोमा : राजेन्द्र महतो

दैनिक समाचारदाता
जनकपुरधाम, २७ असार । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले वर्तमान सरकारको १०० दिने कार्यशैलीप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्दै सरकार पुरानै विभेदकारी र अधिनायकवादी प्रवृत्तितर्फ उन्मुख भएको आरोप लगाएका छन्।

शनिबार जारी गरेको वक्तव्यमा अध्यक्ष महतोले पछिल्लो जनादेश केवल सरकार परिवर्तनका लागि नभई दशकौंदेखि सञ्चित जनअसन्तुष्टि, पीडा र विद्रोहको अभिव्यक्ति भएको उल्लेख गरेका छन्।

उनले राज्यको एकात्मक सोच, नीति र संरचनामा परिवर्तन नगरेसम्म उत्पीडित समुदायको आकांक्षा पूरा हुन नसक्ने बताए। सरकार गरिब तथा सुकुम्बासी बस्ती हटाउने, सीमावर्ती नागरिकमाथि कठोर व्यवहार गर्ने, समानुपातिक समावेशितालाई कमजोर बनाउने तथा शिक्षा-स्वास्थ्य क्षेत्रमा कर लगाउनेजस्ता नीतिमार्फत विभेदलाई संस्थागत गरिरहेको आरोप पनि उनले लगाए।

महतोले बजेटले बिचौलिया पुँजीवादलाई संरक्षण गरेको तथा किसान, युवा, महिला र प्रदेशको



हितलाई बेवास्ता गरेको दाबी गरे। संविधान संशोधनको बहसलाई स्वागत गर्दै उनले सङ्घीयतालाई कमजोर बनाउने कुनै पनि प्रयास स्वीकार्य नहुने स्पष्ट पारे।

उनले राज्य पुनर्संरचनासम्बन्धी आयोगको बहुमत प्रतिवेदनअनुसार १०+१ प्रदेश र २४ स्वायत्त क्षेत्रसहितको बहुलराष्ट्रिय राज्य संरचना, न्यायोचित राजस्व बाँडफाँट, समानुपातिक समावेशिता, प्रादेशिक भाषामा सरकारी सेवा तथा सबै समुदायको समान प्रतिनिधित्व सुनिश्चित नभएसम्म वास्तविक सुधार सम्भव नहुने धारणा व्यक्त गरे।

अध्यक्ष महतोले आन्दोलनका क्रममा दर्ता भएका झुटा मुद्दा फिर्ता लिन र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरेका छन्। नेपाल अस्तित्व, सार्वभौमिकता, जनअधिकार, पहिचान, संस्कृति र स्वशासनमाथि संकट उत्पन्न भएको दाबी गर्दै उनले दलगत स्वार्थभन्दा माथि उठेर वैकल्पिक राजनीतिक मार्ग निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए।

उनले सभ्यता, स्वशासन र समृद्धिलाई आधार बनाएर नयाँ राष्ट्रिय पुनर्जागरणका लागि लोकतान्त्रिक, पहिचानवादी र परिवर्तनकामी शक्तिबीच साझा सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै न्यायपूर्ण, समावेशी र स्वाभिमानी नेपाल निर्माणका लागि सबै राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज, युवा, किसान र मजदुरलाई साझा अभियानमा एकजुट हुन आह्वान गरेका छन्।

## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : सैलजा कुमारी
ठेगाना : नगराईन नगरपालिका वडा नं. ७, नगराईन
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४
सिम्बल नं. : २१७०४३५२
रजिष्ट्रेशन नं. : ८०२१७०१७०५२१
सम्पर्क नं. : ९८१५७७१९०६




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४